का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ जेठ २०८०,
सोमबार
12 June 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक १३७ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

## प्रश्नको घेराभित्र प्रचण्ड

भारतको मध्यप्रदेशस्थित महाकालेश्वर मन्दिरमा गेरुवस्त्रसहित पूजा गरेको भनी आलोचना भएपछि शनिबार पुष्पकमल दाहाल प्रचण्ड भारत भ्रमणमा रहेकै मन्त्रीहरु सहित पशुपतिनाथ पुगेका थिए । तर पशुपतिनाथको पूजा गर्दा पनि प्रधानमन्त्री प्रचण्ड थप आलोचित बनेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ जेठ ।

भारत भ्रमणबाट फर्किएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आलोचना झनै बढेको छ । तर आलोचनाको प्रकृति भने फेरिएको छ । भारत भ्रमणका क्रममा गरेका गतिविधि, गरे सहमति र अपनाइएको प्रक्रियालाई लिएर प्रधानमन्त्री प्रचण्डको चर्को आलोचना भइरहेको छ ।

आलोचना सच्याउन खोज्दा प्रधानमन्त्री प्रचण्ड थप त्रुटि समेत गरिरहेको टिप्पणी भइरहेको छ । जस्तो- शनिबार मन्त्रीहरुसहित प्रधानमन्त्री प्रचण्ड पशुपतिनाथ पुग्दा पनि उनको आलोचना भयो । प्रधानमन्त्री प्रचण्डले भारत भ्रमणमा सहभागी भएकै मन्त्रीहरु लिएर पशुपतिनाथको पूजा गरेका थिए ।

प्रधानमन्त्रीसँगै अर्थमन्त्री डा.प्रकाशशरण महत, उर्जा मन्त्री शक्ति बस्नेत, परराष्ट्रमन्त्री एनपी साउद र उद्योग मन्त्री रमेश रिजाल पशुपतिनाथ पुगेका थिए । प्रधानमन्त्री र यी मन्त्रीहरुलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले स्वागत गरेका थिए । त्यसपछि सामुहिक तस्वीर लिएका थिए ।

त्यही तस्वीर सामाजिक सञ्जालमा राखेर प्रधानमन्त्रीको आलोचना गरिदैछ । प्रधानमन्त्री प्रचण्डले भारतको मध्यप्रदेश पुगेर महाकालेश्वर मन्दिरमा गेरु वस्त्र लगाएर पूजा गरेको आलोचना सच्याउन पशुपतिनाथको पूजा गरेका थिए । भारत भ्रमणका क्रममा मन्त्रीहरु सहित प्रचण्डले गेरु वस्त्र लगाएर महाकालेश्वरको पूजा गरेका थिए । उक्त तस्वीर सार्वजनिक भएपछि प्रचण्डको चर्को आलोचना भएको थियो ।

विशेषगरी उनको विगतको राजनीतिक पृष्ठभूमिका कारणले आलोचना खेप्नुपरेको थियो । जसलाई सच्याउन भनेर पशुपतिनाथ जाँदा पनि प्रचण्ड आलोचित भए । यसबाहेक प्रधानमन्त्री प्रचण्डको आलोचना भारत भ्रमणको सहमति र सम्झौतालाई लिएर भइरहेको छ । भारत भ्रमणलाई प्रचण्डले सफल भनेपनि पुरानै निरन्तरताको भ्रमणमा नेपाललाई दीर्घकालीन लाभ पुग्नेगरी कुनैपनि सहमति हुन सकेको थिएन ।

प्रधानमन्त्रीको भ्रमणका क्रममा नेपालले प्रवृद्ध समूह (ईपीजी) को कुनै कुरा उठाउन चाहेनन् भने सीमा समस्याबारे नयाँ दिल्लीमा दिएको बक्तव्य आफैले सच्याउनु परेको थियो । दिल्लीमा नेपालको भूमि भारतसँग साट्नेबारे छलफल भएको बताएका प्रचण्डले संसदमा उभिएर भने त्यस्तो कुनै कुरा नभएको प्रष्टोक्ति दिए । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसदहरुले चर्को आपत्ति जनाएपछि प्रधानमन्त्री प्रचण्डले कुनै त्यस्तो अभिव्यक्ति र छलफल नभएको बताएका थिए ।



शनिबार पशुपतिनाथ पुगेका प्रधानमन्त्री प्रचण्ड मन्त्रीहरुका साथमा । तस्वीरः रासस

यसबाहेक इअर रुटबारे कुनै प्रगति नभएको, तर नेपालका अरुण तेस्रो र फुकोट-कर्णाली भारतीय कम्पनीले पाउनेगरी भएको सहमतिको प्रचण्डको आलोचना भइरहेको छ । कतिसम्म भने भारत भ्रमणको उपलब्धि १५ वटा मुर्रा राँगा भएको भनेर संसदमै कुरा उठ्यो । राष्ट्रिय राजनीतिका अरु सवालमा पनि प्रचण्डको आलोचना भइरहेको छ । प्रदेश-१ को नामाकरण कोशी राख्ने, सत्ता टिकाउनकै निम्ति रेशम चौधरीलाई आममाफी दिने जस्तो निर्णयमा प्रधानमन्त्री प्रचण्डमाथि प्रश्न उठिरहेको छ । आगामी आर्थिक वर्षको बजेट निर्माणकै क्रममा पनि कयौं त्रुटि औल्याइएको छ । लगभग दश दलीय गठबन्धनमा प्रधानमन्त्री बनेका प्रचण्ड प्रश्नहरुकै घेराभित्र देखिन्छन् ।

## प्रचण्ड-बाबुरामविरुद्ध रिट दर्ता

**काठमाडौं/मस-** निकै पहिलेदेखि चर्चामा रहेको रिट आइतबार सर्वोच्च अदालतमा दर्ता भएको छ । सशस्त्र विद्रोहका बालसेना लेनिन बिष्टले रिट दिएका हुन् । बिष्टले ल्याएको रिट यसअघि सर्वोच्चले दर्ता गर्न मानेको थिएन ।


सशस्त्र विद्रोहको मुद्दा विशेष प्रकृतिको भएकाले दरपीठ भएको थियो । तर दरपीठविरुद्ध बिष्टले दिएको निवेदनमाथि न्यायाधीश आनन्दमोहन भट्टराईको एकल इजलासले शुक्रबार रिट दर्ता गर्न आदेश दिएको थियो ।

न्यायाधीश भट्टराईको आदेशपछि आइतबार रिट दर्ता भएको छ । बिष्टले दिएको रिटमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईलाई युद्ध अपराधमा मुद्दा दर्ता गरी कारबाही अघि बढाउन माग गरिएको छ ।





बिष्टको रिटमा प्रधानमन्त्री प्रचण्डलाई पदीय हैसियतबाट निलम्बन गर्न पनि माग गरिएको छ । उनको यो रिटमाथि आगामी ३० जेठमा सुनुवाइ तोकिएको छ । सशस्त्र विद्रोहका बेला अबोध नाबालकलाई तत्कालीन माओवादीले पृष्ठ २ मा



## असन्तुष्ट माधव नेपाल

पूर्वप्रधानमन्त्री एवम् नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले बजेट अहिलेकै अवस्थामा पारित हुन नदिने सार्वजनिक अडान लिएका छन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २८ जेठ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबारे नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आइतबार सार्वजनिक असन्तुष्टि जनाएका छन् । अध्यक्ष नेपालले सरकार दुर्घटनामा परेपनि यथास्थितिमा बजेट पारित हुन नदिने अडान लिए ।

यसअघि पनि बजेटबारे असन्तुष्टि जनाएका अध्यक्ष नेपालले आइतबार प्रधानमन्त्री प्रचण्डसँग जोडिएका लगभग सबै विषयमा असन्तुष्टि जनाए । सरकार दुर्घटनामा परेपनि बजेट संशोधन नभएसम्म अनुमोदन हुन नदिने अडान प्रधानमन्त्रीप्रति माधव नेपालको असन्तुष्टि कुन तहमा पुगेको छ भन्ने बुझ्न पर्याप्त सकिन्छ ।

'बजेटप्रति सबै असन्तुष्ट हुनुहुन्छ, आक्रोशित हुनुहुन्छ, के हुन्छ भन्न सकिदैंन', अध्यक्ष नेपालले भनेका छन् । बजेट संशोधनको खाँचो रहेको अध्यक्ष नेपालले बताए । 'अर्थमन्त्रीको ध्यान जानुपर्छ, चित्त बुझाउनुपर्छ, बेठीक कुरालाई करेक्सन गर्नुपर्छ' माधव नेपालले भनेका छन्, 'यही स्थितिमा जाने हो भने सरकार दुर्घटनामा जान्छ ।'

तर प्रधानमन्त्रीले लचकता देखाएमा अहिलेकै गठबन्धन ५ वर्षसम्म जाने पनि अध्यक्ष नेपालले बताए । अर्को प्रशंगमा पनि अध्यक्ष नेपाल प्रधानमन्त्री प्रचण्डसँग असन्तुष्ट देखिए । भारतीय संसद भवनभित्र राखिएको 'अखण्ड भारत'को नक्सामा नेपालको भूमि लुम्बिनी र कपिलवस्तु समावेश भएकोमा प्रधानमन्त्रीले कुरा गर्नुपर्ने अध्यक्ष नेपालले बताए ।

शनिबार प्रधानमन्त्रीले पशुपतिनाथको दर्शन गर्न मन्त्रीहरु सहित गएकोमा पनि अध्यक्ष नेपालले असन्तुष्टि जनाए । चर्चा कमाउन मन्दिर गएको र त्यसले राष्ट्रिय राजनीतिलाई राम्रो नहुने अध्यक्ष नेपालको तर्क थियो ।

सत्तारुढबाटै अध्यक्ष नेपालले यस्तो असन्तुष्टि सार्वजनिक गर्नुलाई चासोका साथ हेर्न सकिन्छ । किनकि अहिलेको सत्ता गठबन्धनको एक महत्वपूर्ण दल एकीकृत समाजवादी हो । एकीकृत समाजवादीका अध्यक्ष नेपालकै पहलकदमी र सक्रियतामा प्रधानमन्त्री प्रचण्डले नेकपा एमाले नेतृत्वको गठबन्धन छोडेका थिए ।

गत १० पुसमा एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले राष्ट्रपतिको चुनावसँगै गठबन्धन बदलेका थिए । नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेललाई राष्ट्रपति बनाएर गठबन्धन बदलेका प्रचण्डको सरकारको एक महत्वपूर्ण पार्टी एकीकृत समाजवादी हो । एकीकृत समाजवादीको निर्णयले सत्ता गठबन्धनमै असर पर्ने देखिन्छ ।

अहिलेको सत्ता गठबन्धनमा कांग्रेससँग ८८, माओवादी केन्द्रसँग ३२, जनता समाजवादी पार्टी (जसपा) सँग १२, एकीकृत समाजवादीसँग १० सिट छ । अरु साना दलहरुको समेत समर्थनमा प्रचण्ड प्रधानमन्त्री छन् । यदि एकीकृत समाजवादीले निर्णय बदलेमा यसको असर जसपा र अरु साना दलमा समेत पर्न सक्छ । प्रतिपक्षमा एमालेसँग ७९, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँग २१ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सँग १४ सिट छ ।

## वैदेशिक रोजगार विशेष

## साउन १ गतेदेखि स्वचालित प्रणालीमार्फत पूर्व र अन्तिम श्रम स्वीकृति

### अधिकृत कर्मचारीलाई मात्रै प्रणाली सञ्चालनको अनुमति

**काठमाडौं/रासस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आगामी साउन १ गतेदेखि स्वचालित प्रणालीमार्फत पूर्व र अन्तिम श्रम स्वीकृति प्रदान गर्ने भएको छ । म्यानपावर कम्पनीले आफ्नै कम्पनीमा बसेर वैदेशिक रोजगारीमा जाने श्रमिकको सूचना अनलाइनमा राख्न सक्ने र सूचना राखेपछि स्वतः श्रम स्वीकृति प्रदान हुने व्यवस्था गर्ने निर्णय भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले जानकारी दिए ।

सचिव अर्यालका अनुसार यो व्यवस्था कार्यान्वयनमा आएपछि पूर्व र अन्तिम श्रम स्वीकृतिका लागि फाइल बोकेर म्यानपावर कम्पनी श्रम तथा रोजगार कार्यालयमा धाउने अवस्थाको अन्त्य हुनेछ ।

मन्त्रालयले अहिलेको अनलाइन प्रणालीलाई परिमार्जन गर्दै पूर्व र अन्तिम श्रम स्वीकृतिसम्बन्धी सबै काम स्वचालित प्रणालीबाटै हुने व्यवस्था गरेको हो । वैदेशिक रोजगार व्यवसायीले गलत कागजात प्रविष्ट गरेमा वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली २०६४ बमोजिम कम्पनी खारेजीसम्मको सजाए हुने गरी निर्णय गरिएको जनाएको छ ।

यसैगरी अबदेखि श्रम स्वीकृतिका लागि आएका आवेदनको विवरण प्रमाणीकरण र अनुगमनको काम पनि अधिकृत तहका कर्मचारीले गर्ने गरी व्यवस्था गरिएको पनि श्रम सचिव अर्यालले जानकारी दिए । यसअघि 'फेमिस सिस्टम'मार्फत दिएका आवेदन विभिन्न तहमा कर्मचारीले प्रमाणित गर्ने हुँदा काम ढिलो हुने गर्दथ्यो ।

पछिल्लो समय सबैखाले श्रम स्वीकृति अनलाइनमार्फत नै प्रदान हुन थालेपछि अब भने कुनै पनि कामका लागि कार्यालयमा गएर पृष्ठ २ मा

### अमेरिका र माल्टा पठाइदिन्छु भन्दै ठग्ने दुई पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि अमेरिका र माल्टा पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । प्रहरीले अमेरिका पठाइदिने प्रलोभन देखाएर ६ लाख रुपैयाँभन्दा बढी ठगी गरेको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ ।

प्रहरीले ओमनाथ मैनालीलाई वैदेशिक रोजगारका लागि अमेरिका पठाइदिन्छु भन्दै ६ लाख २१ हजार रुपैयाँ ठगी गरेको आरोपमा सुनिता न्यौपाने श्रेष्ठलाई ललितपुर पुलचोकबाट पक्राउ गरेको हो । ३७ वर्षीया न्यौपाने उदयपुर चौदण्डी बेलटारकी हुन् ।

उनलाई थप कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ । उनले ३१ लाख रूपैयाँ लाग्ने र अमेरिका पुगेपछि मोबाइल पृष्ठ २ मा



## सुक्न थाले पानीका मुहान

पानी नपरेपछि आइतबार पानी मागेर जलधारा गर्दै चितवन नारायणगढका स्थानीय । गौरेश्वर पशुपति मन्दिरमा पूजा गरेर जलधारा गर्दै उनीहरुले नारायणगढ बजार परिक्रमा गरेका छन् । तस्वीरः कृष्ण आचार्य, रासस

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २८ जेठ ।

काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका ९ निवासी बिजु धिताल वर्षौंदेखि धाराको पानी प्रयोग गर्दै आएकी थिइन् । मुलको पानीलाई प्रशोधन गरेर घरघरमा पुऱ्याइएको पानीले उनको दैनिकी पनि मजाले चल्यो ।

तर, खडेरी बढेसँगै उनको घरमा पानी आउन छाडेका एक हप्ता भयो । 'मैले खानेपानी वितरक संस्थालाई किन पानी आएन भनेर फोन गरेर पनि सोधेको थिएँ, उनीहरुले पानीको मुहान नै सुकेकोले पानी पठाउन नसकेको बताए', बिजुले भनिन् । उनले अहिले ट्याङ्करबाट पानी ल्याएर दैनिकी चलाइरहेको बताएकी हुन् ।

बिजु प्रतिनिधि पात्र मात्र हुन्, पछिल्ला दिनमा काठमाडौंका विभिन्न स्थानमा रहेका ९० प्रतिशत पानीको मुहान सुकेको विभिन्न तथ्यले देखाउँदै आएको छ । अझ जेठमा लागेको खडेरीले बोटविरुवा मर्ने मात्रै होईन, दैनिक प्रयोजन हुने पानीकै अभाव हुँदै आएको देखिएको छ । 'अघिल्ला वर्षमा पनि यो पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२९ जेठ २०८०, सोमबार
12 June 2023, Monday

# 'शिक्षा सेवालाई निर्यातयोग्य सम्भावनाको क्षेत्रका रुपमा पहिचान गरिएको छ'

**काठमाडौं/मस**–प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वविद्यालयको शिक्षा अनुसन्धान र नवप्रवर्तनमा केन्द्रित हुनुपर्ने बताएका छन् । काभ्रेपलाञ्चोकको धुलिखेलमा आइतबार आयोजित काठमाडौं विश्वविद्यालयको २८औं दीक्षान्त (दोस्रो चरण) समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले विश्वविद्यालयमा स्नातकोत्तर तहका पाठ्यक्रममा अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्ने तथा स्नातक तहमा बढी अभ्यासमुखी र सिकाइमा जोड दिनुपर्ने बताए ।



उनले भने, 'हाल सञ्चालनमा रहेका सबै विश्वविद्यालय र उच्च शैक्षिक संस्थाले पठनपाठन तथा अनुसन्धानको शैली परिवर्तन गर्न आवश्यक छ। खासगरी विश्वविद्यालयमा स्नातकोत्तर तहका पाठ्यक्रममा अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्ने हुन्छ । स्नातक तहमा बढी अभ्यासमुखी र सिकाइमा जोड दिनुपर्छ ।'प्रधानमन्त्री दाहालले अनुसन्धानले समाजमा प्रभाव र परिवर्तन ल्याउन नसक्दा साधन स्रोतको सही सदुपयोग नहुने स्पष्ट पारे। विश्वविद्यालय तहको अध्ययन र अनुसन्धानलाई सवल बनाउन सरकारका अनुसन्धानसम्बन्धी कार्य विश्वविद्यालयबाट गराउने निर्णय गरिसकेको हुनाले प्राध्यापकमा राज्यका लागि योगदान गर्ने प्रत्यक्ष अवसर मिल्ने उनको भनाइ थियो । काठमाडौं विश्वविद्यालयले आफ्नो स्थापनाको ३२ वर्षमा विभिन्न शंकायमा ४१ हजारभन्दा बढी उच्च सीप, दक्षता र मानवीय गुणसम्पन्न जनशक्ति उत्पादन गरी मुलुकको विकासमा योगदान दिएको प्रधानमन्त्री दाहालले उल्लेख गरे ।

काठमाडौं विश्वविद्यालयले गुणस्तरीय शिक्षाका लागि मुलुकको अग्रणी र दक्षिण एसियाकै एक प्रतिष्ठित विश्वविद्यालयकारुपमा आफूलाई स्थापित गरेको उल्लेख गर्दै उनले गुणस्तरीय, प्राविधिक र अत्याधुनिक उच्चशिक्षा युगको विश्वव्यापी आवश्यकता भएको बताए ।

वर्सेनि हजारौं विद्यार्थी नेपालबाट विदेशिनुको कारण सिर्जनशील मस्तिष्क, युवा ऊर्जा र अर्बौं रुपैयाँ मुलुकबाट बाहिरिइरहेको सन्दर्भमा मुलुकभित्रै उच्चशिक्षाको गुणस्तर एवं शिक्षापछिको सम्मानयुक्त जीवनयापन गर्न सम्भव रोजगारी सिर्जना सबैका लागि टड्कारो आवश्यकता र चुनौती भएको प्रधानमन्त्री दाहालले जिकिर गरे । काठमाडौं विश्वविद्यालयले अन्तर्राष्ट्रिय गुणस्तरकै शिक्षा प्रदान गरी विदेश पलायन हुने युवा र विदेशी मुद्रालाई केही हदसम्म भए पनि रोक्न प्रशंसनीय योगदान गरेको उनले स्पष्ट पारे ।

## गेटा अस्पतालको निःशुल्क शिविर

# १ सय ८८ जनाको फर्कियो आँखाको ज्योति

**काठमाडौं/मस**-नेपाल नेत्रज्योति संघ, गेटा आँखा अस्पतालले सुदुरपश्चिमका विभिन्न स्थानीय तहहरुसँगको सहकार्यमा निःशुल्क आँखा शिविर सम्पन्न गरेको छ । नेत्रज्योति संघ, गेटा आँखा अस्पताल र स्थानीय तहहरुको संयुक्त आयोजनामा डोटी जिल्लाका दुई र अछाम जिल्लाका एक स्थानीय तहमा आँखा शिविर सञ्चालन गरिएको हो ।



तीनवटा आँखा शिविरमार्फत १ हजार १ सय ४१ जना बिरामीको निःशुल्क आँखा परीक्षण गरी १ सय ८८ जनाको मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया समेत गरिएको छ। पहुँच र पैसाको अभावमा कोहि पनि नागरिक दृष्टिविहीन भएर बस्न नपरोस् भन्ने हेतुले संघले देशका विभिन्न क्षेत्रहरुमा निःशुल्क आँखा शिविरहरु सञ्चालन गर्दै आइरहेको छ ।

जेठ १५ र १६ गते डोटी जिल्लाको सायल गाउँपालिकामा सम्पन्न आँखा शिविरमा ३ सय ५१ जनाको निःशुल्क आँखा परीक्षण गरी मोतियाबिन्दु देखिएका ७३ जना बिरामीहरुको निःशुल्क शल्यक्रिया समेत गरिएको थियो । त्यस्तै डोटी जिल्लाकै बोगटान फुटसिल गाउँपालिकामा जेठ २१ र २२ गते सम्पन्न शिविरमा ३९३ जनाको आँखा परीक्षण गरी ६० जनाको मोतियाबिन्दुको शल्यक्रिया गरिएको अस्पतालका नेत्र अधिकृत नरेन्द्रराज बिष्टले बताए ।

त्यसैगरी जेठ १८ र १९ गते अछाम जिल्लाको मेल्लेख गाउँपालिकामा सम्पन्न शिविरमा ३ सय ९७ जनाको निःशुल्क आँखा जाँच गरी मोतियाबिन्दु देखिएका ५५ जना बिरामीहरुको निःशुल्क शल्यक्रिया समेत गरिएको थियो ।

तीनवटै आँखा शिविरमा न्यूनदृष्टि देखिएका ४५२ बिरामीहरुलाई निःशुल्क चस्मा समेत वितरण गरिएको अस्पतालका बाह्य कार्यक्रम व्यवस्थापक रमेशचन्द्र भट्टले बताए । अस्पतालका चीफ मेडिकल डाईरेक्टर एवं वरिष्ठ नेत्र विशेषज्ञ डा.सुरेशराज पन्त, डा.लिनु रायमाझी लगायत १४ जना प्राविधिकहरुको टोलीले शिविरहरुमा सेवा प्रदान गरेका थिए ।

आर्थिक तथा पहुँचको अभावका कारण दुवै आँखाको दृष्टि गुमाएर लामो समयदेखि कष्टकर जीवन निर्वाह गरिरहेका आँखाका बिरामीहरुले आफ्नै घर आँगनमा निःशुल्क शल्यक्रियापछि पुनः दृष्टि पाउँदा हर्षित देखिएका थिए ।

नेपाल नेत्रज्योति संघ अन्तर्गत संचालित गेटा आँखा अस्पतालले सदुरपश्चिमा थप ३ वटा सेकेन्डरी लेभलका आँखा अस्पताल, २ वटा सर्जिकल सेन्टर तथा १७ वटा आँखा उपचार केन्द्रहरुमार्फत यस क्षेत्रका नागरिकहरुलाई सुलभ मूल्यमा गुणस्तरिय आँखा उपचार सेवा प्रवाह गर्दै आइरहेको छ ।

अस्पतालको सेवा शुलभ र गुणस्तरिय समेत भएकाले छिमेकी देश भारतका नागरिकहरु समेत आँखा उपचारका लागि गेटा आँखा अस्पतालमा आउने गर्दछन् । अस्पतालले हरेक वर्ष विभिन्न सरकारी तथा गैरसरकारी सामाजिक संस्थाहरुसँगको सहकार्यमा प्रदेशका नौवटै जिल्लाहरुका ग्रामीण क्षेत्रसम्म आँखा उपचार सेवाको पहुँच बढाउन वर्षमा ६० भन्दा बढी स्थानमा आँखा शिविर सञ्चालन गरी निःशुल्क सेवा प्रदान गर्दै आइरहेको छ ।

# गोली प्रहार गरी लागुऔषध कारोबारी नियन्त्रणमा



काठमाडौं/मस-नेपाल प्रहरीले लागुऔषध ओसारपसारमा संलग्न एक व्यक्तिलाई गोली प्रहार गरी नियन्त्रणमा लिएको छ । प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले काठमाडौं महानगरपालिका-९ सिनामंगलस्थित मोरङ बेलबारी गेष्ट हाउस नजिकबाट हेमन्तकुमार भगतलाई गोली प्रहार गरी नियन्त्रणमा लिएको हो ।

प्रहरीले लागुऔषध कारोबार गरेको गोप्य सूचनाका आधारमा भगतलाई नियन्त्रणमा लिन खोज्दा उल्टै प्रहरीमाथि आक्रमण गर्न खोजेपछि घुँडामुनि गोली हानेर नियन्त्रणमा लिइएको ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक चक्रराज जोशीले बताए । प्रहरीले हानेको गोली लागेर घाइते भएका भगतलाई उपचारका लागि काठमाडौं मेडिकल कलेज पठाइएको प्रहरीले जनाएको छ । प्रहरीले पक्राउ भगतसँग एक सय ग्राम खैरो हिरोइनसमेत बरामद गरेको प्रवक्ता जोशीले बताए ।

## प्रचण्ड...

बालसेनाका रुपमा प्रयोग गरेकाले प्रधानमन्त्री प्रचण्ड र पूर्वप्रधानमन्त्री भट्टराईलाई कार्बाहीको माग गरिएको छ ।

रिटमा गरिएको तर्क अनुसार, ती नाबालक सेनालाई अयोग्य लडाकू भनेर शिविरबाट निकालेर युद्ध अपराध गरिएको पनि उल्लेख छ। नाबालकलाई सशस्त्र विद्रोहमा सामेल गराएरका युद्ध अपराध मुद्दामा प्रचण्ड र बाबुराममाथि कार्बाहीको माग यसअघि पनि हुँदै आएको थियो । तर सर्वोच्च अदालतले संक्रमणकालीन न्याय अन्तर्गत राखेर यो विषय हल गर्नुपर्ने तर्क गरिदै आएको थियो। तर न्यायाधीश भट्टराईको इजलासले यो मुद्दा प्रक्रियामा गएको छ ।

## साउन...

लाइन बस्नु पर्दैन । यसअघि श्रम स्वीकृति लिंदा 'बायोमेट्रिक' नभएकाले मात्र पुनः श्रम स्वीकृति लिनका लागि श्रम कार्यालयमा उपस्थित हुनपर्थ्यो । यस्तो संख्या एकदमै न्यून हुने र बिनाझन्झट सेवा लिन सकिने मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ मा भएको वैदेशिक रोजगारमा जाने हरेक कामदारले अनिवार्यरुपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था भएकामा वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) मार्फत कामदारले अनलाइन आवेदन गरी श्रम स्वीकृति लिने व्यवस्था छ ।

हाल एफइआइएमएसलाई समायानुकुल परिमार्जन गरी पूर्व र अन्तिम श्रम स्वीकृतिसम्बन्धी कार्य स्वचालित प्रणालीबाटै गरी समयमा नै श्रम स्वीकृति प्रदान गर्ने र कार्यालयमा कार्यरत अधिकृत तहका कर्मचारीलाई एफइआइएमएसको विवरण अनुगमनमा केन्द्रित गर्ने निर्णय मन्त्रालयले गरेको हो ।

सुरक्षार्थ प्रहरी नायब उपरीक्षकको कमाण्डमा टोली खटाइने वैदेशिक रोजगार विभागको सुरक्षार्थ नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक (डिएसपी) को कमान्डमा सुरक्षाकर्मीको टोली खटाइने भएको छ। विभागको सुरक्षार्थ प्रहरी नायब उपरीक्षकसहितको टोली खटाइने विषयमा आवश्यक गृहकार्य तथा छलफल भइरहेको विभागका सूचना अधिकारी गुरुदत्त सुवेदीले बताए । उनले भने, 'विभागको सुरक्षार्थ प्रहरी नायब उपरीक्षक खटाइने विषयमा गृहकार्य र छलफल भइरहेको छ, कहिलेसम्म राखिने यकिन तय हुन बाँकी छ ।' विभागमा बढ्दो सेवाग्राहीको चाप र हुल हुज्जत हुन थालेपछि विभागले सुरक्षाकर्मी माग गरेको जनाइएको छ । विभागको सुरक्षार्थ प्रहरी नायब उपरीक्षकको कमान्डमा सुरक्षाकर्मीको टोली खटाउने विषयमा श्रम मन्त्रालयले निर्णय गरेर गृह मन्त्रालयलाई पठाएको थियो । गृह मन्त्रालयले भने हालसम्म कुनै निर्णय नगरेको बताइएको छ । गृह मन्त्रालयबाट लामो समयसम्म पनि कुनै पहल अगाडि नबढेपछि विभागले नै सक्रियता देखाएको जनाइएको छ ।

दिनदिनै ठगीका घटना बढ्दै जाने र विभागमा आएर अनावश्यक होहल्ला गर्नुका साथै काममा अवरोध सिर्जना हुँदै आएको सूचना अधिकारी सुवेदीले जानकारी दिए । उनका अनुसार हाल विभागमा सादा पोशाकमा प्रहरी खटाइएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिक दिनप्रति दिन ठगिँदै आएका घटनाका उजुरी विभागमा दिनहुँ बढ्दै गएको विभागले जनाएको छ ।

## अमेरिका...

सफ्टवेयर कम्पनीमा मासिक ३ लाख ५० हजार तलब हुने प्रलोभन दिई रकम लिएर सम्पर्कविहीन भएपछि पीडितले विभागमा उजुरी दर्ता गराएका थिए ।

यस्तै प्रहरीले माल्टा पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा मुगु छाँयानाथ रारा नगरपालिका-३ घर भई हाल काठमाडौं महानगरपालिका-१४ कलंकी बस्ने ३४ वर्षीय प्रवीन खड्कालाई पक्राउ गरेको छ । खड्काले कर्णबहादुर बुढासमेत दुई जनालाई वैदेशिक रोजगारका लागि माल्टा पठाइदिने र त्यसका लागि प्रतिव्यक्ति ११ लाख ५० हजार रुपैयाँ लाग्ने तथा माल्टा पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भन्दै विश्वास दिलाई प्रलोभनमा पारी पीडिहरुतबाट पटकपटक गरी नौ लाख रुपैयाँ रकम लिई सम्पर्कविहीन भई ठगी गरेको प्रहरीको दाबी छ । पछिल्लोपटक शैक्षिक कन्सल्ट्यान्सीसहित व्यक्तिगतरूपमा विकसित मुलुकमा आकर्षक तलब सुविधामा पठाइदिने र आफन्तमार्फत उतै सेटल गराइदिने प्रलोभनमा ठगी गर्ने क्रम बढेको विभाग तथा वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ ।

## सुक्न...

अवधिका विभिन्न मुहानहरूबाट प्रशस्त पानी आउँथ्यो । तर, अहिले पानीको मुहानभन्दा माथि भूमि दोहन भएकाले पानी मूहान लगभग सुक्ने चरणमा पुगिसके', केयुकेयलका प्रवक्ता प्रकाश राईले भने। उनले उपत्यकाका धेरै ठाउँमा ५० प्रतिशत बढी पानीका मुहान सुकेका बताएका हुन् ।

उपत्यकामा मात्रै होइन, तराईका धेरै जिल्लामा धमाधम पानीको मुहान सुक्न थालेका छन् । महोत्तरीको बर्दिबास, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रका एक सय १५ भन्दा बढी बस्तीमा खानेपानीको अभाव हुन थालेको हो । धारा, इनार र चापाकल सुक्दै गएपछि सर्वसाधारण पानीको अभावमा छट्पटाउन थालेको स्थानीय राजनारायण मण्डलले बताएका हुन् । 'यसअघि कहिल्यै नसुकेका इनार र चापाकल अहिले सुके, खै के हुन लाग्यो ? अब कसरी बाँच्ने होला ?' उनले भने ।

बर्दिवासको एरियामा मात्रै होइन, चुरे र पोखराका केही स्थानमा पनि खानेपानीको समस्या देखिन थालेको छ । कञ्चनपुरको बेदको नगरपालिका-२ स्थित चुरे नजिकै रहेको बस्तीमा खानेपानी अभाव हुँदा स्थानीय समस्यामा पर्दै आएका छन् । बढ्दो गर्मी र प्राकृतिक श्रोतसाधनको दोहनका कारण सो क्षेत्रमा पानीको अभाव चुलिएको स्थानीयले बताएका हुन्।

खोला, खोल्सा र नदीमा पानीको मात्रा घट्दै गएपछि पोखरामा पनि पानीको अभाव हुनथालेको छ। हाल उत्पादन भइरहेको पानी आपूर्ति नभएका क्षेत्रमा आलोपालो गरी वितरणका लागि संस्थान प्रयासरत रहेकाले अनावश्यक पानी खर्च नगर्न खानेपानी आयोजनाल् सेवाग्राहीलाई आग्रह पनि गरेको छ। तर, ८० प्रतिशत पानी सुक्न थालेपछि यहाँका स्थानीय पनि चिन्तित बनेका छन्।

यता, काठमाडौं उपत्यकाको हकमा भने पानीको समस्या न्यूनीकरण गर्न मेलम्ची आयोजना भित्र्याइएपनि नियमित पानी नआउँदा खानेपानीको अभाव टर्न सकेको छैन। अर्कातिर भएका मूल सुकिरहेका छन् भने जनघनत्व झनै बढेको छ । तरपनि, स्वच्छ खानेपानीको नारा लगाउने सरकारले पहाडदेखि तराईसम्म पानीको सहज उपलब्धता गराउनै सकेको छैन। जसले गर्दा भविष्यमा खानेपानीको संकट निम्तने आँकलन समेत हुनथालेको छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०८/०१ मा दर्ता कायम भएका **चेली रेष्टुरेन्ट एण्ड भोजनालय प्रा.लि. (प्रा.लि. नं. ५७५६६)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०२/२८ गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरका कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६५७७१**

**मोटरसाईकल हरायो**

मिति २०८०/०२/२७ गते बेलुका ०८:०० बजेको समयमा चावहिल सरस्वतीनगरमा पार्किङ गरी राखेको बाग्मती प्रदेश ०२-०२४ प ८१६४ को खैरे रङ्गको 350cc रोयल इन्फिल्ड मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी** : **राम कुमार राई**
**ईन्जिन नं** : **U3S5C1MB030024**
**च्यासिस नम्बर** : ME3U3S5C2MB116863
**बाइक नं.** : **बा.प्र.-०२ ०२४ प ८१६४**
**सम्पर्क नम्बर** : **९८५१०३९४५४**

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**लामोदुरीको बसपार्क बसपार्कको समग्र व्यवस्थापन बहालमा दिने सम्बन्धी सूचना**

**चौथो पटक सूचना प्रकाशित मितिः २०८०/०२/२९**

यस कोहलपुर नगरपालिकाको लामोदूरीको बसपार्क सञ्चालन गर्ने कार्यका लागि सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने गरि उक्त बसपार्क समग्र व्यवस्थापन (प्रवेश, टिकट काउण्टर, शौचालय, मर्मत सम्भार ब्लक र पार्किङ्ग) सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजिनक खरिद नियमावली २०६४ र कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम प्रतिस्पर्धात्मक रुपमा आयको बोलपत्र पेश गर्ने सम्बन्धि सूचना ।

**तपशिल**

| क्र.सं. | विवरण | प्रति वर्ष न्यूनतम मूल्य | धरौटी राख्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | समग्र व्यवस्थापन (प्रवेश, टिकट काउण्टर, शौचालय र पार्किङ्ग) | रु ४८,४४,०००। | ५,००,०००। | बोलपत्र खरिद रु. ३०००। फिर्ता नहुने गरी |

- उल्लेखित समग्र व्यवस्थापन (प्रवेश, टिकट काउण्टर, शौचालय, मर्मत सम्भार ब्लक र पार्किङ्ग) खुला प्रतिस्पर्धात्मक रुपमा फर्म वा व्यवसायीले प्रस्ताव पेश गर्न पाउने । यसरी प्रस्ताव पेश गर्नेले अर्को व्यवसायी वा फर्मलाई कुनै पनि तरिकाले भाडामा लगाउन नपाउने ।
- बोलपत्र अनलाईन प्रक्रिया (E–bidding) बाट मात्र पेश गर्न सकिने र सो सम्बन्धि विस्तृत जानकारी कोहलपुर नगरपालिकाको वेवसाईट www.kohalpurmun.gov.np वा www.bolpatra.gov.np बाट लिन सकिनेछ ।
- धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै जम्मा वा कम्तिमा १२० दिन समयावधिको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ ।
- बोलपत्र खरिद रकम कोहलपुर नगरपालिकाको आन्तरिक राजश्व खाता नं ०७२०५०१०००२३५३६५ मा दाखिला गरि सक्कलै भौचर बुझाउनु पर्नेछ ।
- बोलपत्र खरिद तथा पेश गर्ने मिति र समयः २०८०/०३/१२ दिउसो १२:०० बजे सम्म ।
- बोलपत्र खोलिने मिति र समयः २०८०/०३/१२ गते दिउसो १:०० बजे ।
- पेशगर्नुपर्ने कागजातहरुः फर्म वा व्यवसायका कागजातहरु (करचुक्ता, व्यवसाय दर्तानविकरण समेत)
- सूचनामा उल्लेख नभएका शर्तहरु प्रचिलित कानून तथा कोहलपुर नगरपालिकाको निर्णय अनुसार हुनेछन ।
- उल्लेखित व्यवस्थापन प्राप्त गर्ने नियमिति सरसफाई गर्नुपर्ने र न्यूनतम भाडा रकममा शौचालयको रकम नजोडिएकोले व्यवस्थापन प्राप्त गर्नेले शौचालय प्रयोगबापत शुल्क उठाउन नपाउने ।

**Government of Bagmati Province**
**Ministry of Water Supply, Energy and Irrigation**
**Water Resource and Irrigation Development Division Office**
**Dhulikhel, Kavre**

**Invitation for Electronic Bids**

**(Publication Date: 2080/02/29)**

1. Water Resources and Irrigation Development Division Office, Kavre invites electronic bids from eligible bidders for the execution of following works under National Competitive Bidding.
2. Eligible bidder may download the bidding document for e-submission from PPMO e-GP system http://www.bolpatra.gov.np/egp.

| S. N. | Contract No. | Description | Cost Estimate (Without VAT) | Bid Validity Period (days) | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|
| 1 | NCB/ BTLISP /04/2079-80 | Construction of Sump Well, Pump House, Electrification, RVT, Main Pipe Line and Distribution System of Basnet Tar Lift ISP,Panauti-02,Kavre | NRs. 1,07,16,476.81 | 90 days | NRs. 3,00,000.00 | NRs. 3000.00 |

Last Date of Bid Submission;- 2080/03/27, 12:00 Pm
Bid Opening Date:- 2080/03/27, 1:00 Pm

3. For further more information refer the bids published at www.bolpatra.gov.np/ egp or contact WRIDD, Dhulikhel

**Division Chief**
**WRIDD, Kavre**

# रोकिएन दाइजो प्रथाः सर्लाहीमा दुई महिलाको हत्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ

नेपालको कानूनले नै दाइजो प्रथालाई बन्देज गरेको छ । तर दाइजो र तिलकको विकृति भने अझै नियन्त्रण हुन सकेको छैन । तराईका जिल्लामा अझै पनि दाइजोका निहुँमा कतिको ज्यान गएको छ भने कति कुटपिटबाट घाइते भएका छन् । जनकपुरधाम उपमहानागरपालिका-२० देवपुरा रुपैठाकी २८ वर्षीया श्वेता झालाई पति ३५ वर्षीय राजिव झा, सासु ५१ वर्षीया द्रोपदी झा र देवर २८ वर्षीया कमलेश झाले वैशाख १ गते थप दाइजो माग गर्दै कुटपिट गर्नुका साथै आगो लगाइ हत्या गर्ने प्रयास गरे । पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा वैशाख ८ गते उजुरी दिएको थियो ।

भारत विहार राज्यको ग्राम पञ्चायत कोठिया थाना कस्तौल जिल्ला दरभंगा माइत भएकी श्वेता झा र जनकपुरधाम उपमहानागरपालिकाका राजिव झाबीच १० वर्ष अगाडि विवाह भएको थियो । विवाहमा आठ आना सुन, २ लाख भारतीय रुपैयाँ र एक थान मोटरसाइकल दाइजो दिएको भएतापनि ज्वाइले छोरीलाई थप दाइजो बापत तीन तोला सुनको माग गर्दै कुटपित तथा शारीरिक र मानसिक यातना दिनुका साथै छोरीलाई आगो लगाइ हत्या गर्ने प्रयास गरेको पीडितको बुबा जयकुमार झाले बताएका छन् ।

आरोपित झा लगायत परिवारका सदस्यहरुले दाइजोको निहुँमा कुटपिट गर्नुका साथै शरीरमा आगो लगाइ हत्या प्रयास गरेको प्रहरीले जनाएको छ ।

घाइते भएपछि उपचारमा समेत लापरवाही गरेपछि घटना सार्वजनिक नगर्ने शर्तमा ससुराले जानकी हेल्थ केयरमा घटनाको दुई घण्टा पश्चात भर्ना गरेका थिए । माइती पक्षले वैशाख ६ गते प्रादेशिक अस्पतालमा भर्ना गरी उपचार गराइरहेको पीडितले बताएका छन् ।

अस्पतालका चिकित्सक अमलेशकुमार सिंहले पीडितको शरीरका ३८ प्रतिशत भाग जलेको र पीडितको स्वस्थ्य अवस्थामा सुधार आइरहेको बताए । पीडितको छाती भन्दा तलको भाग र दाहिने खुट्टा जलेको छ ।

यसैबीच सर्लाहीका दुई महिलालाको दाइजो नल्याएकै कारण हत्या गरिएको छ । जिल्लास्थित हरिपुर नगरपालिका वडा नम्बर ३ को फरहदवा र वडा नम्बर ६ को लक्ष्मीपुरमा गरी दुई महिलाको हत्या भएको हो ।

वडा नं ३ स्थित फरहदवाका अब्दुल साह फकिरले आफ्नी २३ वर्षीया श्रीमती ईदा खातुनले माइतबाट एक लाख नल्याएको भन्दै पटक-पटक मानसिक तथा शारीरिक यातना दिने गरेका थिए ।

सोही विषयमा कुटपिटपछि मृत्यु भएकी ईदालाई झुण्ड्याइएको अवस्थामा फेला पारिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।

पटक-पटकको यातनापछि ईदा माइत गएको तर छलफलपछि केही समय अगाडि उनी घर फर्केको स्थानीय इन्दी मन्सुरले जानकारी दिए । ईदाका बुबा मन्सुर साह फकिरले अब्दुल र उनका परिवारले ईदालाई पटक-पटक शारीरिक र मानसिक यातना दिने गरेको आरोप लगाएका छन् । 'इदाका पाँच वर्षे छोरा कमलेनले भनेपछि मात्रै हत्या भएको थाहा भयो, शव हेर्न जाँदा ईदाको शरीरभरि माटो लागेको र मुखमा कपडा कोचिएको थियो', साहले भने ।

घटनामा संलग्न भएको आरोपमा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ । ईदाको शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल सर्लाहीमा राखिएको प्रहरीले जनाएको छ ।

यसैगरी वडा नं ६ स्थित लक्ष्मीपुरमा जल्दै गरेको अवस्थामा एकजनाको शव प्रहरीले नियन्त्रणमा लिएको छ । सोही स्थानमा बस्ने अन्दाजी ४५ वर्षीया इन्द्रकलादेवी साहलाई श्रीमान राजाराम साहले कुटपिट गरी घाइते बनाएपछि मृत्यु भएको प्रहरीको भनाइ छ । दाइजोको विषयमा विवाद हुँदा श्रीमानको कुटपिटबाट घाइते भएकी इन्द्रकलालाई उपचार नगरी घरमै राखिएको र केही समयपछि मृत्यु भएको थियो ।

इन्द्रकलादेवीको शवलाई लखन्देही नदीमा दाहसंस्कार गर्न लागिएको खबर पाएपछि शवलाई जल्दै गरेको अवस्थामा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपेन्द्र पञ्जियारले जानकारी दिए ।

'लालबन्दी र हरिवनको सिमानामा रहेको लखन्देही नदीमा जल्दै गरेको चिताबाट शवलाई नियन्त्रणमा लिई आधा जलेको शरीर बरामद गरी पोस्टमोर्टमका लागि प्रादेशिक अस्पताल सर्लाही पठाइएको छ', पञ्जियारले भने ।

इन्द्रकलादेवीका श्रीमान राजाराम घटना भएकै दिनदेखि फरार रहेको प्रहरीले जनाएको छ । शवलाई कानुनी प्रक्रिया पूरा नगरी जलाउन सहयोग गर्ने छ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । यी त हालैका केहि प्रतिनिधि घटना मात्र हुन् । तराईका जिल्लाहरुमा अझै पनि दाइजोका निहुँमा हत्या र कुटपिट गरेका धेरै घटनाहरु छन् ।

**के हो दाइजो ?**

विवाहको समयमा बेहुलीतर्फबाट बेहुला वा बेहुलाका परिवारलाई दिने नगद तथा जिन्सी सरसामानलाई नै दाइजोका रुपमा लिन सकिन्छ । यसलाई तराई तथा मधेसतिर दहेज पनि भन्ने गरिन्छ । सामान्यतः दैनिक जीवनमा चाहिने घरेलु सामान, जस्तै- फर्निचर, कपडा जस्ता सामग्री दाइजो दिइन्छ। सुन/चाँदी, हिरा/मोतीका महँगा गरगहना पनि दाइजोमा पर्छन् । समयक्रमसँगै आधुनिक सुविधाका सामग्री, जस्तै- टिभी, मोटरसाइकल, कम्प्युटर, कार जस्ता सामग्री पनि दाइजोका रूपमा दिइने गरेको पाइन्छ । सामान्यतः दाइजोलाई बेहुलीतर्फबाट बेहुलालाई विवाह गरेर जाँदा दिइएका उपहारका रूपमा अत्यन्त हलुका ढंगले लिएकोमात्र पाइन्छ । सतहमा त्यस्तो देखिए पनि गहिराइ भने अत्यन्त भयानक र दर्दनाक छ । किनकी दाइजो सामान्यरूपमा उपहारजस्तो बुझिन्छ । उपहार त दिए पनि हुन्छ र नदिए पनि हुन्छ । तर दाइजो त सदियौँदेखि हाम्रो समाजमा एक कुप्रथाका रूपमा जरा गाडेको छ ।

**के छ कानूनमा ?**

नेपालको मुलकी अपराध संहिता २०७४ मा विवाहमा लेनदेख गर्न नहुने उल्लेख गरेको छ । (१) आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन । (२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । (३) कसैले विवाह गरी सकेपछि उपदफा (१) बमोजिमको चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न हुँदैन । (४) उपदफा (३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । (५) उपदफा (१) वा (३) बमोजिम कुनै सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्ने उल्लेख छ ।

## Bansgadhi Municipality
## Office of the Municipal Executive
**Bansgadhi, Bardiya**
**Lumbini Province**

**Invitation For Bids**

**Second Date of Publication: 2080/02/29 (2023/06/12)**

Bansgadhi Municipality, Office of Municipal Executive, Bansgadhi, Bardiya invites electronic or hard copy bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description of Works | Bid Security Amount (NRs) | Bid Validity Period | Esimated Amount Without VAT (NRs.) | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BM/NCB/ 2079/080-29 | 50% Anudanama Maagma aadharit Sinchai Karyakram | 50,000.00 | 90 days | 2,363,716.81 | 3000.00 | Sealed Bid |

Further Information to bidders;

| | For Sealed Bid |
|---|---|
| **Last date and time of Bid Purchase** | 2080/03/11 (2023/06/26); upto 5:00 PM |
| **Last date and time of Bid Submission** | 2080/03/12 (2023/06/27); upto 12:00 Noon at Bansgadhi Municipality, Bansgadhi, Bardiya. |
| **Date, Time and Place of Bid Opening** | 2080/03/12 (2023/06/27); at 1:00 PM, At Bansgadhi Municipality Office, Bansgadhi, Bardiya |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | NIC ASIA Bank, Bansgadhi Branch, Antarik Rajaswa Khata-Bansgadhi Municipality, A/c No.: 0972057499426002, (mention purpose of deposit stating contract No. clearly) |
| **Account No. for Bid Security Deposit** | NIC ASIA Bank, Bansgadhi Branch, Dharauti Khata-Bansgadhi Municipality A/c No.: 0972057499426013 or Bank Guarantee issued by A class commercial Bank in the name of Bansgadhi Municipality, Office of Municipal Executive, Bansgadhi, Bardiya. (mention purpose of deposit stating Contract Identification No. clearly) |

1. Bidderds shall submit their Bids (Electronic, E-bid/Hard Copy) to the Bansgadhi Municipality Office, Bansgadhi, Bardiya and for other additional information please contact Bansgadhi Municipality Office, Bansdagadhi, Bardiya.
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.
3. Other mandatory informtion as per PPA and PPR.

**प्रमुख प्रशासकीय अधिकृत**

## कर्मचारी आवश्यकता
**यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीको आवश्यकता भएकोले इच्छुक ब्यक्तिले सम्पर्क गर्नुहोला ।**

**Public Relation Officer: 2 (Male/Female)**
**International Marketing Manager: 3 (Male/Female)**
**कार्यालय सहायक: १ महिला, (काम : अफिस सर सफाई गर्ने)**

GOOD LIFE INTERNATIONAL
EMPLOYMENT AGENCY NEPAL PVT. LTD.
KATHMANDU-31, GYAWALI MARGA, OLD BANESHWOR, KATHMANDU
Send cv to: info.goodlifenepal@gmail.com
Mob: 9823038508
GOOD LIFE INTERNATIONAL
Lic No.: 17/047/048

## Urgently Required
One of the leading manpower agencies in Nepal requires following posts on an urgent basis.

**Documentation Officer (Male/Female) 2 Nos.**
- Minimum +2 completed with 2 years of experienced as documentation in manpower field.
- Familiar with MOFA process for Saudi recruitment, MS office/ Photoshop & computer applications.

*Salary is Negotiable*

**Contact : 9851328422**

## VACANCY
ANNOUNCEMENT

एक प्रतिष्ठित कम्पनीको लागि कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**1. MANAGER - (1 MALE/FEMALE)**
**2. PRO - (3 MALE/FEMALE)**

SALARY Negotiable

नोटः कम्तीमा पनि २/३ वर्षको अनुभव हुनुपर्दछ ।
विशेष गरि दुवाईको काम सम्बन्धी दक्ष तथा अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।

SEND YOUR CV:
ptswifthr11@gmail.com
APPLY NOW!

P.T.SWIFT HR MANAGEMENT PVT. LTD
Dhumbarai-4, Kathmandu (Opposite of Vibor Hotel),
Con: 01-5915721, 9823668160 | 9851180471
श्रम ईजाजत नं. १५६६/०७९/०८०

## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पगनाथ, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**शिलवन्दी बोलपत्रको आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०२/२९)**

भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय दैलेख यस गाउँपालिका अन्तर्गत निम्न निर्माण कार्य गर्नुपर्ने भएकोले ई-बिड मार्फत रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गर्दछ ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क., कन्टेन्जेन्सी र पि.एस. बाहेक) | दरभाउपत्र जमानत | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| BRM/BCW/NCB/18/2079/80 | २ नं. वडा कार्यालय भवन निर्माण कार्य, वडा नं. २ | १,४५,४७,७१०.१६ | ४,३०,०००.० | ३०००.०० |

बोलपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र बोलपत्र जमानतः

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०८०/०३/२७ गते | १२:०० बजे भित्र | २०८०/०३/२७ गते | २:०० बजे | भगवतीमाई गाउँपालिका दैलेख । GAM1.1 ANTARICK RAJASHWO KHATA | 1510109328800091 | प्रभू बैंक भगवतीमाई शाखा | भगवतीमाई गाउँपालिका दैलेख GAM1.1 DHAURITI KHATA | 1510109328800041 | प्रभू बैंक भगवतीमाई शाखा |

थप सूचनाको लागि मोबाईल नं. ९८५८०२०८९९/९८५८०२०७९९ सम्पर्क राख्नुहोला । विस्तृत सूचनाको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट www.bhagawatimaimun.gov.np वा खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# घातक बेवास्ता

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आइतबार राजधानीमा आयोजित एक कार्यक्रममा सोधिएको एक प्रश्नको जवाफ नै दिएनन् । अध्यक्ष ओलीलाई एमालेले ७० वर्षे उमेर हद हटाएकोबारे प्रश्न सोधिएको थियो । तर चित्रकला प्रदर्शनी हेर्न पुगेका ओलीले चित्र हेर्न आग्रह गरे । जबकी अहिले ओलीबाट आमनागरिकले सुन्न चाहेको जवाफ नै एमालेले हटाएको उमेर हदको निर्णय थियो । किनकि समकालीन राजनीतिमा सवैभन्दा धेरै चासो नेतृत्वको उमेर र उनीहरूको प्रवृत्ति हो । गत मंसिरको चुनावमा पनि पुराना दलहरूमा रहेको प्रौढ नेतृत्वमाथि नै प्रश्न उठेको थियो । 'नो, नट अगेन' अभियान नै चलेको थियो । पूर्वप्रधानमन्त्रीहरूको तस्वीर राखेर गरिएको त्यस्तो अभियानलाई युवा पंक्तिले रूचाएको पनि देखियो ।

यदि यो अभियान बिफल हुन्थ्यो भने नयाँ राजनीतिक शक्तिहरूले अप्रत्यासित मत पाउने थिएनन् । तर पार्टी गठनको सात महिना नपुग्दै रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) झण्डै नेकपा माओवादी केन्द्र हाराहारीको शक्ति बन्यो । पाँच दलीय गठबन्धनका कारणले माओवादीले प्रत्यक्षतर्फ धेरै सिट जितेपनि समानुपातिकतर्फ रास्वपाकै हाराहारीमा मत पायो । मधेशमा जनमत पार्टीले पुराना मधेश केन्द्रीत दलहरूलाई पछाडि पार्नेगरी समानुपातिक मत पायो । पश्चिम नेपालमा नागरिक उन्मुक्ति पार्टीले पुराना शक्तिहरूलाई बलियो चुनौती दियो । त्यसपछिको राष्ट्रिय राजनीतिमा रास्वपा, जनमत र नागरिक उन्मुक्ति निर्णायक अवस्थामा छ । पुरानो दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले पनि आफ्नो आकार बढायो । २०७४ को चुनावमा एक सिट मात्रै जितेको राप्रपासँग अहिले १४ सिट छ ।

नयाँ शक्तिहरूले प्रत्यासित मत पाएर हङ् पार्लियमेन्ट बन्नुको पछाडि प्रमुख दलको नेतृत्वप्रति नागरिक असन्तुष्टि नै थियो । सच्चिनकै निम्ति नयाँ शक्तिहरूले मत पाएको तर्क समेत गरिदै आएको छ । तर पुराना र प्रमुख दलहरूले भने आफूलाई सच्याउन आवश्यक ठानेको देखिदैन । त्यसैको एउटा निर्णय एमालेले ७० वर्षे उमेर हद हटाउने निर्णय गर्नु हो । उमेर हद हटाउने निर्णयले कुनैपनि नेतालाई बाचुञ्जेल नेतृत्वमा रहने बाटो खुला गर्नेछ । अझ महाधिवेशनबाट भएको निर्णयलाई एमालेले सचिवालय बैठकबाट खारेज गर्ने निर्णय गर्नुले पार्टी आफैमा संस्थागत बन्न नसकेको देखाउँछ । एमाले मात्रै नभएर नेपाली कांग्रेस र माओवादी केन्द्रले पनि आफूलाई संस्थागत र जिम्मेवार बनाउन सकेको देखिदैन । यो भनेको जनमतको अपमान मात्रै नभएर राजनीतिक संस्थाहरू अझै संस्थागत हुने अवस्थामा नपुगेकै पुष्टि हुन्छ, जसले लोकतन्त्रलाई बलियो बनाउँदैन ।

# नेपाली राजनीतिमा बाह्य प्रभाव

अग्रलेख



● खिमराज गिरी

वास्तवमा राजा महाराजाहरुलाई पनि मन परेको थिएन राणाहरुको रजगज ! राजनीतिमा खेलिएको कुटनीतिले राजा त्रिभूवनलाई पनि चित्त दुखेकोले नै राणाशासन फाल्नको लागि दलहरुसँग उनी स्वयम् पनि दिल्ली पुगेका थिए । तथापी, राणा शासनमा भएका केही कुरा स्मरणीय भने छन् । श्री ३ जंगबहादुर राणा बेलायत र फ्रान्स भ्रमणको जाँदाको रजगज, उनले पाएको राजकीय सम्मान, हट्टी शासकको रूपमा देखिएको छविलाई हेर्दा अझै पनि हामीमा उनीप्रति एक खालको सम्मान जाग्छ । जंगबहादुरले नयाँ मुलुक भनेर चिनिने बाँके, बर्दिया, कैलाली र कञ्चनपुर तत्कालिन अंग्रेस सरकारबाट फिर्ता ल्याएका थिए । वि.सं. १९०८ मा भित्र्याइएको गिद्धे प्रेस ( जसले नेपालको पत्रकारितामा छापा माध्यमको शुरुवात), नयाँ मुलुकी ऐन (जसले नेपालको कानुनी क्षेत्रमा सुधार भएको थियो), सेना तथा प्रहरी संगठनभित्रको सुधार आदि सकारात्मक कार्यहरु पनि तत्कालिन समय भएका थिए । राणाहरु जति निरंकुश थिए, त्यति नै देशभक्ति र राष्ट्रियताको मामलामा ज्यान दिन तयार पनि देखिन्थे । गेहेन्द्र शमशेरको पालामा वैज्ञानिक आविष्कार पनि भयो । तैपनि राणाहरुको निरंकुश शासन टिक्न सकेन ।

२००७ सालमा प्रजातन्त्र आयो । राजा महेन्द्रको पालामा २०१५ सालमा संविधान पनि बन्यो । फलस्वरूप २०१६ सालमा आम निर्वाचन भयो । नेपाली कांग्रेसले एकल बहुमत ल्यायो । प्रजातान्त्रिक सरकारको कार्य, काम गर्ने तौर तरिकाहरु मोफसलमा बसेर राजा महेन्द्रले निगरानी बढाइराखेका थिए । दिल्लीको आदेशानुसार तामेली गर्नुपर्ने हरेक कामको मूल्यांकन गर्दा राजा महेन्द्रलाई मन परेको थिएन । तर प्रजातन्त्रको हिमायती भन्ने नेपाली कांग्रेस तथा अन्य दलका नेताहरुको रवाफ झन् झन् भारतमुखी हुँदै गयो र राजा महेन्द्रले २०१७ साल पुस १ गते पञ्चायती व्यवस्था ल्याए । तत्कालिन समयमा पनि राजा महेन्द्रले जनमुखी कार्यहरु राष्ट्रिय हितअनुरुप धेरै नै गरेका थिए । नेपाललाई पाँच विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लामा प्रशासकीय स्वरूपमा विभाजन गरेर असल शासकीय स्वरूपको प्रत्याभूति जनतालाई दिलाउने प्रयत्न गरिएको देखिन्छ । त्यस्तै, २०१३ सालदेखि पञ्चवर्षीय योजना लागु, छिमेकी राष्ट्रहरुसँगको कुटनीतिक सम्बन्ध, विभिन्न उद्योगहरुको स्थापना, बाहिरी देशको सहयोगमा पूर्व-पश्चिम राजमार्गको निर्माण, नेपाल र चीनको बोर्डरमा रहेका भारतीय सेना हटाउने काम, २०१२ भन्दा अगाडिसम्म नेपालका गृह र रक्षा मन्त्रालयमा रहँदै आएका भारतीय सल्लाहकारहरुलाई हटाइनु, सञ्चार माध्यमप्रति केही लचकता, नेपालको संविधान २०१९ लागु, वन फँडानीमा रोक, प्राकृतिक स्रोत र साधनको संरक्षण, विदेश भ्रमणमा जाँदा अरु देशले दिने राजकीय सम्मानले मुलुकको इज्जत प्रतिष्ठामा बढैया, राष्ट्रिय सुरक्षा तथा विकासको मामलामा भारतमुखि मात्र नभएर अन्य देशसँग पनि दौत्य सम्बन्ध कायम राख्नसक्ने आदि कारणले भारत पनि उनीसँग रिसाइरहेको अवस्था थियो ।

इन्दिरा गान्धीले त राजा महेन्द्रलाई नेपाल भारतमा नै गाभौं भन्दा जवाफमा उसो भए नाम नेपाल नै राखौं भन्दा इन्दिरा गान्धी नतमष्तक बनेकी थिइन् भन्ने प्रसङ्ग पनि छ । यसरी भारत भने नेपालको हरेक क्षेत्रमा एकाधिकार राख्न चाहान्थ्यो, जुन अहिले पनि ४६ सय ३९ मेगावाटका सात ठूला विद्यूत आयोजनाहरु, विभिन्न ठूला कम्पनीहरुलाई पर्नुले पनि पुष्टि हुन्छ । उता राजा वीरेन्द्रको पालामा पनि असंलग्न परराष्ट्र नीति लागु हुनु, धेरै मुलुकसँग नेपालको दौत्य सम्बन्ध कायम राख्नु, सेनालाई प्रबल तथा दक्ष बनाउने हेतुले चीनसँगको सम्बन्ध सुमधुर बनाउन खोज्नु, ०४५ सालमा चीन सरकारसँग ४० एमएमको रकेट लन्चरलगायत अन्य



> *०४६ सालमा राजतन्त्रात्मक बहुदलीय व्यवस्था पनि मेरै कर, बलले आएको हो भनिरहेको भारतले त्यसपछिका दिनहरुमा 'कहाँ पर्छस् मछली, मेरै ढडिया' भनेजस्तै नेपालका राजनीतिक दलहरुलाई फुटाउने, जुधाउने, आफ्नो अनुकुलमा बोल्नेलाई सत्तामा पुऱ्याउने, गिराउने, मानो दिएर मुरी लैजाने कार्य गरेको देखिन्छ । सतहमा देखिएको अस्थिर राजनीति पनि यसैको परिणाम हो ।*

हतियारको सम्झौता गरेर रातारात नेपाल भित्र्याएपश्चात भारतको नाकाबन्दी झेल्नु परेको थियो नेपालले ।

यसरी पञ्चायत कालभरी भारतले आफ्नो स्वार्थनुरूपको फाइदा लिन नसक्नु, ०४६ सालमा राजतन्त्रात्मक बहुदलीय व्यवस्था पनि मेरै कर बलले आएको हो भनिरहेको भारतले त्यसपछिका दिनहरुमा 'कहाँ पर्छस् मछली, मेरै ढडिया' भनेजस्तै नेपालका राजनीतिक दलहरुलाई फुटाउने, जुधाउने, आफ्नो अनुकुलमा बोल्नेलाई सत्तामा पुऱ्याउने, गिराउने, मानो दिएर मुरी लैजाने कार्य गरेको देखिन्छ । यस्तै, योबीचमा टनकपुर, महाकाली जस्ता आयोजनाहरु हत्याएको देखिन्छ । नेपालको प्राकृतिक सम्पदाहरुमा एकलौटी एकाधिकार कायम राख्न, उत्तरसँगको सम्बन्धलाई धमिल्याउन, नेपालका हरेक निर्माण कार्यहरुमा आफ्नो वर्चश्व कायम राख्न खोजेको देखिन्छ । आज भारतीय दबदबा यति बढेको छ कि वित्तीय संस्थाहरुमा समेत भारतीय लगानी छ ।

हुनत नेपालका नेताहरुमासमेत सत्ताको लागि दिल्लीको भऱ्याङ चढ्ने आदत परेको देखिन्छ । उच्च तहका नेताहरुको त कुरै छोडौं उनीहरुको साधारण कर्मचारीहरुलेसमेत नेपालको आन्तरिक मामलामा दखल पुऱ्याउने आदि कारणले नेपालको तीव्र विकासमा बाधा पुग्नु अस्वभाविक होइन र थिएन पनि तथापी भारतको सहयोग भने नभएको होइन र अझै खेल खेल्ने क्रम जारी नै देखिन्छ । २०५२ सालदेखिको माओवादी जनयुद्धको भूमरीमा रुमलिएको नेपालमा विकास त झन् हुनै सकेन । आखिर स्वार्थ उतैको जोडिएको थियो । नेपाली जनताले विकासभन्दा पनि शान्ति सुव्यवस्था खोजिरहेका थिए । अन्तमा ०६२/६३ को आन्दोलनले राजतन्त्र समाप्त भयो । फेरि १२ बुँदे सम्झौताले नेपालका हरेक दललाई दिल्लीको लगाममा एउटै सांग्लामा बाँध्यो र गणतन्त्र आयो । यति सानो देशलाई भागबन्डा र सत्तास्वार्थको भूमरीमा फनफनी घुम्नलाई सात वटा प्रदेशमा विभाजन गरेर अहिले गणतान्त्रिक नेपाल भनेर चिनिएको छ तर, सत्ता र कुर्चीको लागि यो अवधिमा खासै जनमुखी कार्यहरु हुनसकेका छैनन् । भ्रष्टाचारले जरो गाडेको छ तर, भ्रष्टाचारी सेटिङ्गमा उम्किहाल्छ । मिडियाले पनि ठूला माछा खासै देख्न सकिरहेका छैनन् ।

हुन त अफ्रिकाको कंगो पनि डेमोक्र्याटिक गणतान्त्रिक कंगो भनेर चिनिन्छ । भारतको जति क्षेत्रफल भएको कंगोलाई नेपाल जस्तै सानो देश युगाण्डाले हरेक कुरामा आफ्नो पकडमा लिएको छ । अमेरिकाले दशकौंदेखि युएन राख्ने बहानामा कंगोको ब्ल्याक डाइमन्डलगायत अन्य धातुहरु ओसारी रहेको छ । त्यस्तै, अन्य धेरै अफ्रिकनलगायत एशियन मुलुकहरु इरान, इराक, कुवेत, अफगानिस्तान आदि देशबाट पनि विभिन्न खनिज पदार्थ लगि उसले आफ्नो प्रभाव पारेर स्वार्थको रोटी पकाइरहेको छ । र, नेपालमा पनि अमेरिकाबाट एमसीसी, एसपीपीको योजना ल्याएइकोमा यसले भविष्यमा पार्न सक्ने सकारात्मक र नकारात्मक प्रभावबारे विभिन्न दलका नेता तथा बुद्धिजीवीहरुबाट टिकाटिप्पणीहरु भइराखेको छ । तर, समग्रमा आमजनमानसमा र चिन्ता भने कतै हाम्रो मुलुक अफगानिस्तानमा जस्तो सामाजिक बिचलन अनि श्रीलंका जस्तो आर्थिक भूमरीमा फस्ने त होइन भन्ने चिन्ता देखिएको छ ।

